# जागरुक उपभोक्ता ! जिम्मेवार बिक्रेता !!

- गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्नु उपभोक्ताको अधिकार हो; प्रवाह गर्नु बिक्रेताको कर्तव्य।
- विना भेदभाव वस्तु वा सेवा खरिद गर्न पाउनु उपभोक्ताको अधिकार हो; प्रवाह गर्नु बिक्रेताको कर्तव्य।
- आफूले प्रदान गर्ने वस्तु वा सेवाको नाम र सोको मूल्यसूची स्पष्ट रूपमा सबैले देख्ने ठाउँमा राख्नु बिक्रेताको कर्तव्य हो; हेर्न पाउनु उपभोक्ताको अधिकार।
- वस्तु वा सेवा खरिद गर्दा भुक्तानी गरेको मूल्य बराबरको बिजक प्राप्त गर्नु क्रेताको अधिकार हो; आफूले प्राप्त गरेको रकम बराबरको बिजक जारी गर्नु बिक्रेताको कर्तव्य।
- खरिद गर्न चाहेको वस्तु वा सेवाको मूल्य, परिमाण, शुद्धता र गुणस्तर बारेमा सूचित हुन पाउने उपभोक्ताको अधिकार हो; त्यस्तो सूचना दिनु बिक्रेताको कर्तव्य।
- वस्तु वा सेवाको प्रयोगबाट भएको हानि, नोक्सानी विरुद्ध क्षतिपूर्ति पाउने उपभोक्ताको अधिकार हो; त्यस्तो क्षतिपूर्ति दिनु बिक्रेताको कर्तव्य।
- खरिद बिक्री गरिने वस्तुमा उत्पादन मिति तथा उपभोग्य मिति उल्लेख छ छैन ख्याल गरौं। उपभोग्य मिति समाप्त भैसकेको वस्तु बिक्री गर्नु कानून बमोजिम दण्डनीय अपराध हो।
- बजारमा कुनै पनि वस्तुको कृत्रिम अभाव सिर्जना गर्नु कानून बमोजिम दण्डनीय अपराध हो।
- अनुचित मुनाफा राखी वस्तु तथा सेवा बिक्री गर्नु कानून बमोजिम दण्डनीय अपराध हो।
- खाद्य पदार्थलाई आकर्षक देखाउन अखाद्य रङ्ग वा पदार्थको प्रयोग गर्नु कानून बमोजिम दण्डनीय अपराध हो।

उपभोक्ता हित विपरित कुनै कार्य भएको थाहा भएमा नागरिक खबरदारी गरौं; सोको आधार प्रमाण सहित वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग (https://crmis.doc.gov.np; टोलफ्री नं. ११३७) वा जिल्ला प्रशासन कार्यालय वा .................. नगर/गाउँपालिका (Email: .................................. फोन नं. ............) मा उजुरी दिई उपभोक्ता हितको संरक्षण गरौं।

उपभोक्ता हित संरक्षण अभियानमा -

मेरो सहकार्य ! तपाईंको सहकार्य !! हामी सबैको सहकार्य !!!

............ नगर/गाउँपालिका

नगर/गाउँ कार्यपालिकाको कार्यालय

......................

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

बबरमहल, काठमाण्डौं